सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा प्युठान
५ नं. प्रदेश, नेपाल
२०७३

आजमिति २०७४ साल भाद्र ३० गतेका दिन यस सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको बैठक (बैठक नं. ६) यस गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्मा को अध्यक्षतामा बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

१. श्री झग बहादुर विश्वकर्मा गा.पा. अध्यक्ष
२. श्री मिना कुमारी सोमै " " उपाध्यक्ष
३. श्री शारदा रजौरे कार्यकारी अधिकृत
४. श्री बसन्त बहादुर जि.सी. २ नं. वडा अध्यक्ष (का.स.)
५. श्री चित्त बहादुर सोमै ४ नं. " " "
६. श्री भिम बहादुर मर्साङ्गी ३ नं. " " "
७. श्री तुल बहादुर रोका ६ नं. " " "
८. श्री मुकुन्दराज शर्मा १ नं. " " "
९. श्री बसन्त बहादुर बरास ५ नं. " " "
१०. श्री मोहम्मद हलिम हलुवाई कार्यपालिका सदस्य
११. श्री रुद्र प्रसाद सुनार " "
१२. श्री शशिला के.एम. " "
१३. श्री चन्द्रिमा थापा " "
१४. श्री जिवा सुनार " "
१५. श्री खिमा सुवेदी " "
१६. श्री शान्तराज गौतम नायब सुब्बा

अन्य उपस्थिति

१. श्री दिपक कोइराला सह-लेखापाल
२. श्री सुखदेव गौतम कार्यालय सहयोगी
~~३. " [illegible]~~ " "

प्रस्ताव

प्रस्ताव नं. १ सल्लाहकार समिती गठन सम्वन्धमा ।

*निर्णय नं. १* प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकाको प्रथम गाउँ सभाले पारित गरेको वार्षिक नीति , कार्यक्रम तथा बजेटमा उल्लेख भए बमोजिम यस गाउँपालिकाको समग्र विकासमा योगदान दिन सक्ने र स्थानिय विकास निर्माणमा सहयोग गर्न सक्ने गरी तपसिल बमोजिमको सल्लाहकार समिती गठन गर्ने सर्व सम्मत निर्णय गरियो ।

सल्लाहकार समिती

१. संयोजक : धन बहादुर रायमाझी राजनीतिज्ञ ( मानानिय सांसद)

सदस्यहरु :

| | |
|---|---|
| २.झविन्द्रमणी पौडेल | राजनीतिज्ञ |
| ३.डा.कासिम शाह | प्राज्ञिक |
| ४.डा.राजिब विनायक श्रेष्ठ | प्राज्ञिक |
| ५.शालिक राम पौडेल | व्यापारी |
| ६.गंगा बहादुर के.सी. | बुद्धिजिवी |
| ७.शिव प्रसाद शर्मा | बुद्धिजिवी |
| ८.उम बहादुर खाम्चा | समाजसेवि |
| ९.लक्ष्मी पल्ली | राजनीतिज्ञ |
| १०.मुक्तिराम शर्मा | राजनीतिज्ञ |
| ११.फन बहादुर पल्ली | समाजसेवी |
| १२.कुल बहादुर दर्लामी | समाजसेवी |
| १३.कमला पौडेल | व्यापारी |
| १४.राधा अमात्य | समाजसेवी |
| १५.जिब बहादुर बुढा | समाजसेवी |

प्रस्ताव नं. २ बिभिन्न विकास र उत्थान समिती हरुको गठनविधि, काम कर्तव्य अधिकार पारित सम्वन्धमा ।

*निर्णय न.२* प्रस्ताव न.२ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकाको लागि आवश्यक देखिएका देहाय बमोजिमको बिभिन्न विकास र उत्थान समिती हरुको गठनविधि, काम कर्तव्य र अधिकार को कार्यविधि पारित गर्ने निर्णय गरियो ।

महिला विकास समिती :

(१) यस सरुमारानी गाउँपालिकामा एक महिला विकास समिती रहनेछ ।
जसमा संयोजक , सहसयोजक र अन्य ५.जना सदस्य रहनेछन् ।

(२) गाउ कार्यपालिकाको बैठकले अध्यक्ष को सिफारिसमा संयोजक , सहसंयोजक र सदस्यको चयन गर्नेछ ।

(३) महिला विकास समिती संयोजक तथा सदस्यको पदावधि चयन भएको मितिले बढिमा २ बर्षको हुनेछ ।

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
५ नं. प्रदेश, नेपाल
२०७३

बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा महिला विकास समिती संयोजक वा सदस्यको पद रिक्त हुनेछ :-
(क) निजले गा.पा.अध्यक्ष समक्ष लिखित राजीनामा दिएमा,
(ख) निजको विरुद्ध गाउं कार्यपालिकाको बहुमत सदस्यले हटाउने प्रस्ताव पारित भएमा,
(ग) शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनि अध्यक्षले पदमुक्त गरेमा,
(घ) निजको मृत्यु भएमा ।
(५) देहायको योग्यता भएको व्यक्ति महिला विकास समिती संयोजक र सदस्यको पदमा चयनका लागि योग्य हुनेछ :-
(क) कम्तीमा दुई वर्ष महिलाको हक, हित वा लैंगिक न्याय वा महिला विकास वा मानव अधिकार र कानून , शैक्षिक जागरण समाजसेवामा को क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको महिला,
(ख) उच्च नैतिक चरित्र भएको ।
(६) महिला विकास समिती को संयोजक र सदस्यको पारिश्रमिक :
(क) महिनामा कम्तीमा एक पटक र आवश्यकता अनुसार धेरै बैठक बसे पनि दुईवटा बैठक सम्मको बैठक भत्ता मात्र उपलब्ध गराइनेछ । बैठक बस्न आउदा लाग्ने यातायात खर्च पनि उपलब्ध गराइनेछ ।
ख)विषेश अवस्थामा गाउपालिकाले कुनै खास जिम्मेवारी दिएमा सो कार्य गरेवापत गाउँ कार्यपालिकाले तोके बमोजिम पारिश्रमिक उपलब्ध गराउने छ । तर गाउंपालिकामा आर्थिक संकट आएमा यो व्यवस्था लागू हुने छैन ।

**महिला विकास समिती को काम, कर्तव्य र अधिकार :** (१) महिला विकास समिती को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-
(क) महिलाको हक हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि गाउँपालिका समक्ष पेश गर्ने,
(ख) महिलाको हक हितसँग सम्बन्धित कानून वा यस गाउँपालिका पक्ष भएको सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालन वा कार्यान्वयनको उपाय सहित सरुमारानी गाउँपालिकालाई सुझाव दिने,
(ग) महिलालाई विकासको मूल प्रवाहमा समाहित गर्न नीति तथा कार्यक्रमको निर्माण र प्रभावकारी कार्यान्वयनका लागि उपाय सहित सरुमारानी गाउँपालिकालाई प्रतिवेदन दिने ।
(घ) लैंगिक समानता, महिला सशक्तीकरण तथा महिलासंग सम्बन्धित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गाउँपालिकाले गर्नुपर्ने सुधारका सम्बन्धमा सुझाव सहित प्रतिवेदन दिने ।
(ङ) महिला हिंसा, घरेलु हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था लाई सचेत गराउने आवश्यक देखिएमा कानून बमोजिम गाउँपालिकाको न्यायीक समितीमा उजुरी दायर गर्न पिडित व्यक्तिलाई सघाउने ।
(च) गाउँ कार्यपालिकाले तोकेका अन्य कामहरु गर्ने ।
(छ) महिला विकास समितीको काम कर्तव्य अधिकार आवश्यकता अनुसार गाउँ कार्यपालिकाले समय समयमा परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

## युवा तथा खेलकुद विकास समिती :

(१) यस सरुमारानी गाउँपालिकामा एक युवा तथा खेलकुद विकास समिती रहनेछ । जसमा संयोजक , सहसंयोजक र अन्य ..७.जना सदस्य रहनेछन् ।
(२) गाउं कार्यपालिकाको बैठकले .अध्यक्ष.को सिफारिसमा संयोजक , सहसंयोजक र सदस्य सदस्यको चयन गर्नेछ ।
(३) युवा तथा खेलकुद विकास समिती संयोजक तथा सदस्यको पदावधि चयन भएको मितिले बढिमा २ बर्षको हुनेछ ।
(४) उपधारा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा युवा तथा खेलकुद विकास समिती संयोजक वा सदस्यको पद रिक्त हुनेछ :-
(क) निजले गा.पा.अध्यक्ष समक्ष लिखित राजीनामा दिएमा,
(ख) निजको विरुद्ध गाउँ कार्यपालिकाको बहुमत सदस्यले हटाउने प्रस्ताव पारित भएमा,
(ग) शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनि अध्यक्षले पदमुक्त गरेमा,
(घ) निजको मृत्यु भएमा ।

Scanned with CamScanner

(५) देहायको योग्यता भएको व्यक्ति युवा तथा खेलकुद विकास समिती संयोजक र सदस्यको पदमा चयनका लागि योग्य हुनेछ :-

(क) कम्तीमा दुई वर्ष युवाको हक, हित वा खेलक्षेत्रको विकास , उद्यमी तथा व्यावसीक रुपमा सफल , शैक्षिक जागरण समाजसेवामा को क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको युवा,

(ख) संयोजकको हकमा मान्यताप्राप्त विद्यालयबाट एस एल सि वा एक इ इ उपाधि र सदस्यको हकमा साधारण लेखपढ

(ङ) उच्च नैतिक चरित्र भएको ।

(६) युवा तथा खेलकुद विकास समिती को संयोजक र सदस्यको पारिश्रमिक :

क) महिनामा कम्तीमा एक पटक र आवश्यकता अनुसार धेरै बैठक बसे पनि दुईवटा बैठक सम्मको बैठक भत्ता मात्र उपलब्ध गराइनेछ। बैठक बस्न आउदा लाग्ने यातायात खर्च पनि उपलब्ध गराइनेछ।

ख)विषेश अवस्थामा गाउपालिकाले कुनै खास जिम्मेवारी दिएमा सो कार्य गरेवापत गाउँ कार्यपालिकाले तोके वमोजिम पारिश्रमिक उपलब्ध गराउने छ। तर गाउँपालिकामा आर्थिक संकट आएमा यो व्यवस्था लागू हुने छैन ।

**युवा तथा खेलकुद विकास समिती को काम, कर्तव्य र अधिकार :** (१) युवा तथा खेलकुद विकास समिती को काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(क) युवा स्वरोजगार तथा खेल क्षेत्रको हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि गाउँपालिका समक्ष पेश गर्ने,

(ख) वेरोजगार समस्या समाधान गर्न तथा रोजगारी क्षेत्र पहिचानको उपाय सहित सरुमारानी गाउँपालिकालाई सुझाव दिने,

(ग) सरुमारानी गाउँपालिकाको खेलकुद क्षेत्र को विकास को लागि अवलम्बन गर्नु पर्ने आवश्यक नीति तथा कार्यक्रमको सम्बन्धमा सुझाव प्रदान गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि उपाय सहित सरुमारानी गाउँपालिकालाई प्रतिवेदन दिने ।

(घ) युवाको लागि व्यवसायीक क्षमता विकास गर्न देखिएका समस्या र सुधारका सम्बन्धमा सुझाव सहित प्रतिवेदन दिने ।

(ङ) गाउँ कार्यपालिकाले तोकेका अन्य कामहरु गर्ने ।

(च) युवा तथा खेलकुद विकास समिती काम कर्तव्य अधिकार आवश्यकता अनुसार गाउँ कार्यपालिकाले समय समयमा परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

**दलित उत्थान तथा विकास समिती :**

(१) यस सरुमारानी गाउँपालिकामा एक दलित उत्थान तथा विकास समिती रहनेछ । जसमा संयोजक ,सहसंयोजक र अन्य ..५.. जना सदस्य रहनेछन् ।

(२) कार्यपालिकाको बैठकले अध्यक्ष..को सिफारिसमा संयोजक , सहसंयोजक र सदस्यको चयन गर्नेछ ।

(३) दलित उत्थान तथा विकास समिती संयोजक तथा सदस्यको पदावधि चयन भएको मितिले २ वर्षको हुनेछ ।

(४) उपधारा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा दलित उत्थान तथा विकास समिती संयोजक वा सदस्यको पद रिक्त हुनेछ :-

(क) निजले गा.पा.अध्यक्ष समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको विरुद्ध कार्यपालिकाको बहुमत सदस्यले हटाउने प्रस्ताव पारित भएमा,

(ग) शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनि अध्यक्षले पदमुक्त गरेमा,

(घ) निजको मृत्यु भएमा ।

(५) देहायको योग्यता भएको व्यक्ति दलित उत्थान तथा विकास समिती संयोजक र सदस्यको पदमा चयनका लागि योग्य हुनेछ :-

(क) कम्तीमा दुई वर्ष दलितको हक, हित वा सामाजिक न्याय वा दलित उत्थान र विकास वा मानव अधिकार र कानून , शैक्षिक जागरण समाजसेवामा को क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको व्यक्ति,

(ख) उच्च नैतिक चरित्र भएको ।

(६) दलित उत्थान तथा विकास समिती को संयोजक र सदस्यको पारिश्रमिक :

क) महिनामा कम्तीमा एक पटक र आवश्यकता अनुसार धेरै बैठक बसे पनि दुईवटा बैठक सम्मको बैठक भत्ता मात्र उपलब्ध गराइनेछ। बैठक बस्न आउदा लाग्ने यातायात खर्च पनि उपलब्ध गराइनेछ।

ख)बिषेश अवस्थामा गाउँपालिकाले कुनै खास जिम्मेवारी दिएमा सो कार्य गरेवापत गाउँ कार्यपालिकाले तोके बमोजिम पारिश्रमिक उपलब्ध गराउने छ । तर गाउँपालिकामा आर्थिक संकट आएमा यो व्यवस्था लागू हुने छैन ।

**दलित उत्थान तथा विकास समिती को काम, कर्तव्य र अधिकार : :** (१) दलित उत्थान तथा बिकास समितीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सरुमारानी गाउँपालिकामा रहेकादलित समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषय वास्तविक पहिचान गरी गाउँपालिकालाई सिफारिस गर्ने,

(ख) जातीय छुवाछूत, उत्पीडन र बिभेदको अन्त्य गरी दलित उत्थान र विकासका लागि दलित हितसंग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि गाउँपालिका समक्ष पेश गर्ने,

(ग) दलित समुदायको उत्थान तथा विकासमा भएका भए गरेको काम कारवाहिको प्रभावकारी रूपमा कार्यान्वयन गर्न अनुगमन गरी पालना गर्न गाउँपालिकालाई सुझाव दिने ।

(घ) दलित समुदायलाई विकासको मूल प्रवाहमा समाहित गर्न तथा गाउँपालिकाका सबै अंगहरूमा समानुपातिक सहभागिता सुनिश्चित गर्न भउको नीति तथा कार्यक्रमको समीक्षा गरि कार्यान्वयन गर्न प्रतिवेदन तथा सुझाव दिने ।

(ङ) जातीय भेदभाव तथा छुवाछूत वा सामाजिक कुरीतिबाट पीडित भएको विषयमा न्यायीक समितीमा उजुरी दिन लगाउने आवश्यक परे अदालतमा मुद्दा दायर गर्नु पर्ने भएमा देखिएमा आवश्यक सहयोग गर्ने तथा गाउँपालिकालाई सिफरिस गर्ने ।

(च) गाउँ कार्यपालिकाले तोकेका अन्य कामहरु गर्ने ।

(छ) दलित उत्थान तथा विकास समितीको काम कर्तव्य अधिकार आवश्यकता अनुसार गाउँ कार्यपालिकाले समय समयमा परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

## आदिवासी तथा जनजाती उत्थान समिती :

(१) यस सरुमारानी गाउँपालिकामा एक आदिवासी तथा जनजाती उत्थान समिती रहनेछ ।
जसमा संयोजक ,सहसंयोजक र अन्य ७ जना सदस्य रहनेछन् ।

(२) गाउँ कार्यपालिकाको बैठकले अध्यक्ष...को सिफारिसमा संयोजक ,सहसंयोजक र सदस्यको चयन गर्नेछ ।

(३) आदिबासी तथा जनजाती उत्थान समिती संयोजक ,सहसंयोजक तथा सदस्यको पदावधि चयन भएको मितिले बढिमा २ बर्षको हुनेछ ।

(४) उपधारा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा आदिवासी तथा जनजाती उत्थान समिती संयोजक वा सदस्यको पद रिक्त हुनेछ :-

(क) निजले गा.पा.अध्यक्ष समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको विरुद्ध गाउँ कार्यपालिकाको बहुमत सदस्यले हटाउने प्रस्ताव पारित भएमा,

(ग) शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनि अध्यक्षले पदमुक्त गरेमा,

(घ) निजको मृत्यु भएमा ।

(५) देहायको योग्यता भएको व्यक्ति आदिवासी तथा जनजाती उत्थान समिती संयोजक र सदस्यको पदमा चयनका लागि योग्य हुनेछ :-

(क) कम्तीमा दूई वर्ष आदिवासी वा जनजातीको हक, हित वा सामाजिक न्याय वा उत्थान र बिकास वा मानव अधिकार र कानून , शैक्षिक जागरण समाजसेवागा को क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको व्यक्ति,

(ख) उच्च नैतिक चरित्र भएको ।

(६) आदिवासी तथा जनजाती उत्थान समिती को संयोजक र सदस्यको पारिश्रमिक :

क) महिनामा कम्तीमा एक पटक र आवश्यकता अनुसार धेरै बैठक बसे पनि दूईवटा बैठक सम्मको बैठक भत्ता मात्र उपलब्ध गराइनेछ । बैठक बस्न आउदा लाग्ने यातायात खर्च पनि उपलब्ध गराइनेछ ।

ख)बिषेश अवस्थामा गाउँपालिकाले कुनै खास जिम्मेवारी दिएमा सो कार्य गरेवापत गाउँ कार्यपालिकाले तोके बमोजिम पारिश्रमिक उपलब्ध गराउने छ । तर गाउँपालिकामा आर्थिक संकट आएमा यो व्यवस्था लागू हुने छैन ।

आदिबासी तथा जनजाती उत्थान समिती को काम, कर्तव्य र अधिकार : : (१) आदिवासी तथा जनजाती उत्थान समिती को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

Scanned with CamScanner

(क) सरुमारानी गाउँपालिकामा रहेका आदिवासी तथा जनजाती समुदायको समग्र स्थितिको अध्ययन गरी आदिवासी तथा जनजातीको भाषा संस्कृतीको उत्थान र विकासका लागि आवश्यक नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि गाउँपालिका समक्ष सिफारिस गर्ने,
(ख) आदिवासी तथा जनजाती समुदायको उत्थान तथा विकासमा भएका काम कारवाहिको प्रभावकारी रूपमा कार्यान्वयन गर्न अनुगमन गरी पालना गर्न गाउँपालिकालाई सुझाव दिने ।
(ग) आदिवासी तथा जनजाती समुदायलाई विकासको मुल प्रवाहमा सहभागिता सुनिश्चित गर्न भएको नीति तथा कार्यक्रमको समीक्षा गरि कार्यान्वयन गर्न प्रतिवेदन तथा सुझाव दिने ।
(घ) गाउँ कार्यपालिकाले तोकेका अन्य कामहरु गर्ने ।
(ङ)आदिवासी तथा जनजाती उत्थान समितीको काम कर्तव्य अधिकार आवश्यकता अनुसार गाउँ कार्यपालिकाले समय समयमा परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

मुस्लिम उत्थान समिती :
(१) यस सरुमारानी गाउँपालिकामा एक मुस्लिम उत्थान समिती रहनेछ ।
जसमा संयोजक , सहसंयोजक र अन्य ..५....जना सदस्य रहनेछन् ।
(२) गाउँ कार्यपालिकाको बैठकले अध्यक्षको सिफारिसमा संयोजक , सहसंयोजक र सदस्यको चयन गर्नेछ ।
(३) मुस्लिम उत्थान समिती संयोजक तथा सदस्यको पदावधि चयन भएको मितिले बढिमा २ बर्षको हुनेछ ।
(४) उपधारा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा मुस्लिम उत्थान समिती संयोजक वा सदस्यको पद रिक्त हुनेछ :-
(क) निजले गा.पा.अध्यक्ष समक्ष लिखित राजीनामा दिएमा,
(ख) निजको विरुद्ध गाउँ कार्यपालिकाको बहुमत सदस्यले हटाउने प्रस्ताव पारित भएमा,
(ग) शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनि अध्यक्षले पदमुक्त गरेमा,
(घ) निजको मृत्यु भएमा ।
(५) देहायको योग्यता भएको व्यक्ति मुस्लिम उत्थान समिती संयोजक र सदस्यको पदमा चयनका लागि योग्य हुनेछ :-
(क) कम्तीमा दुई वर्ष मुस्लिम समुदायको हक, हित वा सामाजिक न्याय वा उत्थान र विकास वा मानव अधिकार र कानून , शैक्षिक जागरण समाजसेवामा को क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याएको व्यक्ति,
(ख) उच्च नैतिक चरित्र भएको ।
(६) मुस्लिम उत्थान समिती को संयोजक र सदस्यको पारिश्रमिक :
क) महिनामा कम्तीमा एक पटक र आवश्यकता अनुसार धेरै बैठक बसे पनि दुईवटा बैठक सम्मको बैठक भत्ता मात्र उपलब्ध गराइनेछ । बैठक बस्न आउदा लाग्ने यातायात खर्च पनि उपलब्ध गराइनेछ ।
ख)विषेश अवस्थामा गाउँपालिकाले कुनै खास जिम्मेवारी दिएमा सो कार्य गरेवापत गाउँ कार्यपालिकाले तोके बमोजिम पारिश्रमिक उपलब्ध गराउने छ । तर गाउँपालिकामा आर्थिक संकट आएमा यो व्यवस्था लागू हुने छैन ।
मुस्लिम उत्थान समिती को काम, कर्तव्य र अधिकार : : (१) मुस्लिम उत्थान समिती को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-
(क) सरुमारानी गाउँपालिकामा रहेका मुस्लिम समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषय वास्तविक पहिचान गरी गाउँपालिकालाई सिफारिस गर्ने,
(ख) मुस्लिम समुदायकाको भाषा धर्म संस्कृतीको सम्मान तथा उत्थान र विकासका लागि मुस्लिम समुदायको हितसंग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि गाउँपालिकालाई प्रतिवेदन दिने,
(ग) मुस्लिम समुदायको उत्थान तथा विकासमा भए गरेका काम कारवाहिको प्रभावकारीता सम्बन्धमा आवश्यक अनुगमन गरी गाउँपालिकालाई सुझाव दिने ।
(घ) गाउँ कार्यपालिकाले तोकेका अन्य काम कर्तव्यहरु
(ङ) मुस्लिम उत्थान समिती को काम कर्तव्य अधिकार आवश्यकता अनुसार गाउँ कार्यपालिकाले समय समयमा परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्युठान
५ नं. प्रदेश, नेपाल
२०७३

Scanned with CamScanner

प्रस्ताव नं. ३ विकास समिती र उत्थान समिती गठन सम्वन्धमा ।

*निर्णय न.* ३ प्रस्ताव नं ३ माथि छलपल गर्दा यस सरुमारानी गाउँपालिकामा गठन गर्ने विभिन्न विकास र उत्थान समिती देहाय बमोजिम गठन गर्ने निर्णय गरियो ।

महिला विकास समिती

संयोजक : भुमा आचार्य वडा न.. ४

सहसंयोजक शान्ता विष्ट वडा न..२

सदस्यहरु :

सरस्वती अधिकारी वडा न. १

अमृता विष्ट वडा न. २

खुमा मर्सागी मगर वडा न. ३

यनुका घर्ति वडा न. ५

मात्रृका सुनार वडा न..५

युवा तथा खेलकुद विकास समिती

संयोजक : भरत एम.सी. वडा न.. ४

सहसंयोजक कमल जि.सी. वडा न..१

सदस्यहरु :

रिखुराम गुरुंग वडा न. ५

केशब पल्ली वडा न. २

गौरव खनाल वडा न. २

हनिप मियाँ वडा न. ३

आशा विश्वकर्मा वडा न..३

पवित्रा सिंजाली वडा न. ४

ऋपीराम धामी वडा न. १

दलित उत्थान समिती

संयोजक : पुर्खसिंह सुनार वडा न.. ३

सहसंयोजक लंक बहादुर सुनार वडा न..३

सदस्यहरु :

दोर्ण बहादुर सुनार वडा न. १

सरस्वती सुनार वडा न. २

एक बहादुर सुनार वडा न. ४

कृष्ण बहादुर वि.क. वडा न. ५

Scanned with CamScanner

चुमा वि.क. वडा न..३

आदिबासी तथा आदिवासी उत्थान समिती
संयोजक विर बहादुर राना ३
सह संयोजक कमल कुम्भकार २
सदस्यहरु
देवीराम रेश्मी ४
धनबहादुर थापा ४
दुजकबहादुर राउत १
द्रोणबहादुर धामी १
घनश्याम सारु ५
शिवा दर्लामी ५
लक्ष्मी के.एम. १

मुस्लिम उत्थान समिती
संयोजक : इस्माइल मियाँ वडा न.. १
सहसंयोजक प्यार अलि खाँन वडा न..१
सदस्यहरु : कालु मियाँ वडा न. १
मर्संदिन मियाँ वडा न. ३
अजिम मियाँ वडा न. ३
नजिर मियाँ वडा न. १
सफिउल्लाह हलुवाई वडा न..४

प्रस्ताव नं. ३ गुठी जग्गा सम्बन्धमा ।

*निर्णय न. ३* माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिका भित्र रहेका गुठी जग्गा को मालपोत असुली कार्य जिल्ला मालपोत कार्यालय प्युठान बाट भैरहेको हुदाँ अब देखि नागरिकको सहजताको लागि सम्बन्धीत स्थानिय तहको (सरुमारानी गाउँपालिका) वडा कार्यालयबाट असुलीको व्यवस्था मिलाउन सम्बन्धीत निकाय संग पहल गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ बिषयगत कार्यालयका कर्मचारीको म्याद र पारिश्रमिक निर्धारण सम्बन्धमा ।

*निर्णय न. ४* माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिका अन्तर्गत विभिन्न विषयगत कार्यालयमा कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुको करार म्याद र मासिक पारिश्रमिक तपसिल बमोजिम दिने निर्णय सर्व सम्मत गरियो ।

Scanned with CamScanner

स्वास्थ्य

| क्र. स. | नामथर | पद | तोकिएको पारिश्रमिक | करार म्याद |
|---|---|---|---|---|
| १ | अस्मीता थापा | हे.अ. | नेपाल सरकारको नियमानुसार | म.प.क्षे.स्वा.नि.सुर्खेतको सिफारिस अनुसार |
| २ | याम बहादुर धामी | कार्यालय सहयोगी | ११०००। | १ वर्ष |
| ३ | बिबिरन खातुन | अ.न.मी. | १४७७७। | १ वर्ष |
| ४ | जुना क्षेत्री | अ.न.मी. | १४७७७। | १ वर्ष |
| ५ | लक्ष्मी के.सी. | अ.न.मी. | १४७७७। | १ वर्ष |
| ६ | संगिता खाड | स्वीपर | ७०००। | ६ महिना |

कृषी पशु

| क्र. स. | नामथर | पद | तोकिएको पारिश्रमिक | करार म्याद |
|---|---|---|---|---|
| १ | चम्पा पाण्डे | ना.प्रा.स. | नेपाल सरकारको नियमानुसार | १ वर्ष |
| २ | प्रतिभा जि.सी. | ना.प्रा.स. | नेपाल सरकारको नियमानुसार | १ वर्ष |
| ३ | युवराज जैसी | ना.प्रा.स. | नेपाल सरकारको नियमानुसार | १ वर्ष |

प्रस्ताव नं. ५ रकम रकमान्तर सम्वन्धमा ।

*निर्णय न.५* प्रस्ताव न.५ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिका को प्रथम सभाले विनियोजन गरेको साविकको बाँगेसाल नमुना गाविसको नयाँ गाविस भवन शौचालय निर्माण तथा खा.पा व्यवस्थापन योजनाको रकम रु.२०००००। लाई रकमान्तर गरी उक्त ठाउँमा पशु कार्यालयको भवन मर्मत योजना वडा न.१ औलेनीलाई छनौट गर्ने गरि सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ६ कर्मचारीको कार्यक्षेत्र तोक्ने सम्वन्धमा ।

*निर्णय न.६* प्रस्ताव न.६ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिका अन्तर्गत कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुलई देहाय बमोजिमको जिम्मेवारी सहित कार्यक्षेत्र तोक्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र. स. | कर्मचारीको नामथर | साविकको पद | अर्को व्यवस्था नभएको सम्मको लागि तोकिएको जिम्मेवारी | खटाइएको क्षेत्र |
|---|---|---|---|---|
| १ | दधिराम खनाल | कार्यालय सहायक | प्रशासन सहायक | ३ न.. वडा कार्यालय |
| २ | ज्ञानुराम खनाल | कार्यालय | प्रशासन सहायक | २ नं. वडा |

| | | सहायक | | कार्यालय |
|---|---|---|---|---|
| ३ | सावित्रा के.सी. | कार्यालय सहायक | प्रशासन सहायक | ५नं.वडा कार्यालय |
| ४ | कुमारी सोमै | प्राविधिक सहायक | प्रशासन सहायक | ४नं. वडा कार्यालय |

प्रस्ताव नं. ७ कर्मचारीको पारिश्रमिक सम्बन्धमा ।

*निर्णय न.७* प्रस्ताव न.७ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिका अन्तर्गत कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुलाई देहाय बमोजिमको मासिक पारिश्रमिक दिने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र. स. | कर्मचारीको नामथर | अर्को व्यवस्था नभएको सम्मको लागि तोकिएको जिम्मेवारी | तोकिएको पारिश्रमिक | कार्यक्षेत्र |
|---|---|---|---|---|
| १ | दधिराम खनाल | प्रशासन सहायक | २२१७०। | ३ न. वडा |
| २ | ज्ञानुराम खनाल | प्रशासन सहायक | २२१७०। | २ नं. वडा |
| ३ | सावित्रा के.सी. | प्रशासन सहायक | २२१७०। | ५ न.वडा |
| ४ | कुमारी सोमै | प्रशासन सहायक | २२१७०। | ४ नं.वडा |
| ५ | सुखदेव गौतम | कार्यालय सहयोगी | १४५००। | गाउँ कार्यपालिका |
| ६ | मोहनलाल पाण्डे | कार्यालय सहयोगी | १२५००। | १ न.वडा कार्यालय |
| ७ | राम बहादुर राना | कार्यालय सहयोगी | ८५००। | ३ न.वडा कार्यालय |
| ८ | रमा बाकबल | कार्यालय सहयोगी | ८५००। | ४ न.वडा कार्यालय |
| ९ | टंक अर्याल | कार्यालय सहयोगी | ८०००। | २ न.वडा कार्यालय |
| १० | मान बहादुर पल्ली | कार्यालय सहयोगी | ८०००। | ५ न.वडा कार्यालय |
| ११ | तुल बहादुर उलुगें | कार्यालय सहयोगी | ८०००। | ६ न.वडा कार्यालय |
| १२ | ज्यालादारीमा राख्ने गाउँ कार्यपालिकाको कार्यालय सहयोगी | | १००००। | |
| १३ | ज्यालादारीमा राख्ने गाउँपालिका र विषयगत शाखा हेर्ने सरसफाई सहयोगी | | १००००। | |

प्रस्ताव नं. ८ बचत रकम कार्यान्वयन सम्बन्धमा ।

*निर्णय न.८* प्रस्ताव न.८ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिका प्रथम गाउँ सभा बाट रकम विनियोजन गरिएको रकम बाट बचत हुन गएको रकम रु.२५०००० लाई यस गाउँपालिका भित्रको विद्युतिकरणमा लगाउने गरि निर्णय गरियो

प्रस्ताव नं. ९ बैठक रकम सम्बन्धमा ।

*निर्णय न. ९* प्रस्ताव न. ९ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिका गाउँ कार्यपालिका र अन्य विभिन्न बैठक तथा वडा समिती बैंठक बस्दा प्रति बैंठक प्रतिव्यक्ति रु.१०००। अक्षरुपी एक हजार मात्र दिने गरि सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. १० सहयोगी र प्राविधिक कर्मचारी ज्यालादारीमा राख्ने सम्बन्धमा ।

*निर्णय न. १०* प्रस्ताव न. १० माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको लागि आवश्यक पर्ने तपसिल बमोजिमका प्राविधिक कर्मचारी र सहयोगी कर्मचारी आवश्यक पर्ने भएकोले निर्वाचन आचारसंहिता भित्र रहि यस गाउँपालिकामा स्थायी दरबन्दीमा नआउदा सम्म ज्यालादारीमा राख्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | पद | किसिम | कै. |
|---|---|---|---|
| १ | इन्जिनियर | ज्यालादारी | |
| २ | सबइन्जिनियर | ज्यालादारी | |
| ३ | कम्प्युटर अपरेटर | ज्यालादारी | |
| ४ | कार्यालय सहयोगी | ज्यालादारी | |
| ५ | स्वीपर | ज्यालादारी | |

प्रस्ताव नं. ११ छानविन समिती गठन सम्बन्धमा ।

*निर्णय न. ११* प्रस्ताव न. ११ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिका वडा न..१ र २ मा सोलार जडानको विषयमा बुझ्नु पर्ने देखिएकोले आवश्यक छानविन तथा अध्ययन गरी सम्बन्धीत वडा समितीको कार्यालयले एक हप्ता भित्र प्रतिवेदन गाउँपालिकामा पेश गर्न अनुरोध गर्ने गरी निर्णय गरियो ।

आगामी बैठक आवश्यकता अनुसार बस्ने गरी आजको बैंठक सौहार्दपुर्ण वातावरणमा सम्पन्न गरियो ।

२।।६।१८

Scanned with CamScanner